म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ६२ | शनिबार १५ असोज २०७९ | ने. सं. ११४२ कौलाथ्व | 01 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फल्याट भाडामा**


हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

# ६२ लाख अनुदान दुरुपयोग प्रकरणः छानबिन गर्न अख्तियारलाई पत्र



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट दिइएको अनुदानमा दुरुपयोग भएको पाइएपछि छानबिन गर्न अख्तियारलाई पत्र काटिएको छ ।

बागमती प्रदेशको सार्वजनिक लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय हेटौंडालाई वधशाला सञ्चालनको लागि दिइएको अनुदान दुरुपयोग भएको ठहर गर्दै छानबिन गरेर दोषिलाई कानुनी दायरामा ल्याउन परिपत्र गरेको हो ।

समितिका सचिव दिपक अधिकारीका अनुसार अनुदान दुरुपयोग गर्ने दोषिलाई कानुनी दायरामा ल्याउन अख्तियारलाई ११ असोजमा परिपत्र गरिएको हो । हेटौंडा-८, स्थित औद्योगिक क्षेत्रभित्र वधशाला सञ्चालन गर्ने गरी प्रदेशको तत्कालीन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले बफेलो क्वालिटी फुड प्रालिलाई ६२ लाख रुपैयाँ अनुदान दिएको थियो । उक्त वधशाला उद्घाटन गरिएपछि त्यसको केही समयपछि त्याहाँ वधशालाको अस्तित्वसमेत थिएन् ।

प्रदेशसभाको सार्वजनिक लेखा समितिले भदौमै अनुदान दुरुपयोग भएको ठहर गर्दै कारबही गर्नुपर्ने र उनुदान रकम असुलउपर गर्नुपर्ने निर्णय गरेको थियो । तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडालाई भने ११ असोजमा मात्रै परिपत्र गरिएको थियो । समिति सचिव अधिकारीले अख्तियारलाई परिपत्र गरिएकोले अनुदान दुरुपयोग भएको विषयमा अख्तियारबाटै छानबिन हुने जानकारी दिए । समितिले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई कारबाही प्रक्रिया अगाडि बढाएर अनुदान रकम असुलउपर गर्न निर्देशन दिएको अधिकारीले बताए ।

समितिको निर्देशनपछि मन्त्रालयले अनुदानग्राहीलाई पत्राचार गर्ने तयारी गरेको मन्त्रालयका प्रवक्ता तथा योजना महाशाखा प्रमुख झलकनाथ कँडेलले बताए । अनुदानग्राहीलाई पत्र काट्ने प्रक्रिया अगाडि बढेको भन्दै कँडेलले पत्र भने काटिनसकेको बताए । अनुदानको दुरुपयोग भएको विषयमा वर्तमान गठबन्धन सरकारले गठन गरेको कृषि अनुदान वितरण छानबिन उपसमितिले लेखा समितिमा पठाएको अनुसन्धान रिपोर्टका आधारमा समितिले दुरुपयोग भएको अनुदान रकम असुलउपर गर्नुपर्ने निर्णय थियो । बफेलो फुडले १६ जेठ २०७६ मा तत्कालीन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग हेटौंडा औधोगिक क्षेत्रमा वधशाला सञ्चालन गर्ने भन्दै अनुदानलिन सम्झौता गरेको थियो ।

बफेलो क्वालिटी फुड प्रालिले प्रदश सरकारसँग वधशाला सञ्चालनगर्ने नाममा ६२ लाख २२ हजार ५ सय रुपैयाँअनुदानलिएको थियो । वधशालाको कुल परियोजनालागत १ करोड ४२ लाख ८४ हजार थियो । सम्झौताअनुसार वधशाला सञ्चालनको लागत इष्टिमेट अनुसारको रकमको ५० प्रतिशत बढीमा ७१ लख ४२ हजार भुक्तानीहुने भनिएको छ । बफेलो क्वालिटी फुडले १ करोड ३१ लख १९ हजार ५ सय २४ रुपैयाँको सञ्चालनखर्च पेश गरेपछि ६२ लाख २२ हजार ५ सय रुपैयाँअनुदानपाएको साझाकुरालाई प्राप्त रिपोर्टमा उल्लेख छ । ररकारको अनुदानसँगै उद्योगको मेसिनसँगै अस्तित्व नै गायव छ । उक्त जग्गासमेत एसियन पेन्ट्स कम्पनीले भाडामा लिएको छ ।

संरचनासहित बफेलो फुडले वधशाला त्रिशक्ति पोलिब्याग इण्डष्ट्रिजलाई १२ करोडमा बिक्री गरेको खुलेको थियो । वधशालाको मेसिन कवाडीमा बिक्री गरिएको थियो । सम्झौतामै अनुदान रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकलाई सचेत गराउने र सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भंग गर्ने तथा हिनामिना भए बराबरको रकम दोस्रो पक्ष (बफेलो क्वालिटी फुड)बाट सरकारी बाँकी सरह असुलउपरको प्रक्रिया अगाडि बढाउन सक्ने उल्लेख छ । तर, राजनीतिक पहुँचका आधारमा अनुदान लिएर त्यसको दुरुपयोग हुँदासमेत प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कारबाही गरेको थिएन् । अनुदान लिएर वधशाला सञ्चालन नगरेको देख्दादेख्दै पनि मन्त्रालयले कारबाही नगर्दा दोषि उम्किरहेका थिए ।

सार्वजनिक लेखा समिति सभापति न्हुछेनारायण श्रेष्ठले दुरुपयोग भएको अनुदान रकम असुलउपर गर्नुपर्ने बताए । श्रेष्ठले अनुदानमा भ्रष्टाचार भएको स्पष्ट देखिएकाले सरकारलाई निर्णयमा संलग्नलाई कारबाहीसहित असुलउपर गर्न निर्देशनदिने निर्णय गरेको जानकारी दिए ।

कृषि अनुदान वितरण छानबिन उपसमिति संयोजक मुनु सिग्देल, सदस्यहरु ओमबहादुर ग्लान, प्रदीप खड्का लगायतले घटनाको अनुसन्धान गरेका थिए । उपसमितिले अनुदान दुरुपयोग भएको ठहर गर्दै समितिमा प्रतिवेदन बुझाएको थियो ।

# जिल्ला दुग्ध संघको १९ करोडको कारोबार




साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ जिल्लाभरका दुग्ध सहकारी संस्थाहरुको छाता संगठन मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको २९ औं वार्षिक साधारणसभा भएको छ ।

संघको भीमफेदी गाउँपालिका-१ स्थित दुग्ध प्रशोधन उद्योग परिसरमा शुक्रबार साधारणसभा गरिएको हो । शुक्रबार नै भएको अधिवेशनले संघको नयाँ नेतृत्व चयन गरेको छ । संघको अध्यक्षमा मकवानपुरगढी-३ निवासी गाई फार्म सञ्चालक हरिप्रसाद कँडेल चयन भएका छन् ।

संघले आर्थिक वर्ष २०७८/०७९ मा १९ करोड ३ लाख ७९ हजार ७ सय ६४ रुपैयाँ कारोबार गरेको जानकारी दिइएको छ । संघका अध्यक्ष बासुदेव अधिकारीले संघले गरेका कार्यहरु र समिक्षात्मक विषयवस्तुहरु समेटिएको प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले आव २०७९/८०मा गरिने कार्यक्रमहरु र योजनाहरु प्रस्तुत गरेका छन् । संघमा ४० वटा सहकारी संस्था आवद्ध रहेको संघमा ७० हजार लिटर दुध भण्डारण क्षमता रहेको छ ।

संघले आव २०७८/०७९ मा एक करोड ३८ लाख ४४ हजार ३ सय ५२ लिटर दुध खरिद गरिएको संघका व्यवस्थापक कुमारमणि दाहालले जानकारी दिएका छन् । एक करोड १३ लाख शेयरपुजीँ रहेको संघमा एक करोड २३ लाख ८४ हजार १ सय ५४ रुपैयाँ जगेडा कोष रहेको दाहालले बताए ।

जिल्ला समन्वय समितिका प्रमुख ललित बहादुर घलानको प्रमुख अतिथ्यता तथा संघका अध्यक्ष बासुदेव अधिकारीको सभाध्यक्षतामा सभा भएको थियो । सभामा केन्द्रीय दुग्ध उत्पादक सहकारी महासंघका अध्यक्ष नारायणप्रसाद देवकोटा, बकैया गाउँपालिका अध्यक्ष तथा संघका उपाध्यक्ष धर्मराज लामिछाने, जिल्ला बचत संघका कोषाध्यक्ष विष्णुमाया लामा, मकवानपुरगढी गाउँपालिकाको निवर्तमान अध्यक्ष बिदुर हुमागाई, मकवानपुरगढी-४ का वडा अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, हेटौंडा दुग्ध वितरण आयोजनाका प्रमुख नवीन किशोर शर्मा, निर्वाचन समितिका संयोजक अधिवक्त ध्रुवप्रसाद चौलागाई, सदस्य विरेन्द्र ढुंगानालगायतकाको आतिथ्यता थियो ।

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट
अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त
**मकवानपुर बहुमुखी क्याम्पसमा**

**स्नातक तहमा भर्ना खुल्यो**

बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।



बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान

भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

# डेंगु नियन्त्रण गर्न एकजुट भएर लाग्न आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ हेटौंडा उपमहानगरपालिकाका मेयर मिना कुमारी लामाले डेंगु नियन्त्रण गर्नसबै पक्ष एक जुट भएर लाग्न आग्रह गरेकी छन् ।

नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजनामा बिजया दशमी, शुभ दिपावली, नेपाल सम्वत र छट पर्वको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै मेयर लामाले यस्तो बताएकी हुन् । उनले हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र दिनहुँ ढेंगुका संक्रमित थपिदै गएपछी यसको नियन्त्रणमा जोड दिनका लागि सबैले आग्रह गरेकी हुन् ।

उनले सबैले आफ्नो घर वरपर सफा राख्ने र पानी समेत जम्न नदिनेगरी अभियान चलाउनका पर्ने बताइन् । कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डे, शसस्त्र प्रहरी बल हेटौंडाका प्रहरी उपरिक्षक नेत्र बहादुर कार्की, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक बामदेव गौतमलगायतका विभीन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार महासंघका पूर्व अध्यक्षहरु लगायतकाको सहभागिता रहेको थियो । महासंघ अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा कार्यक्रम भएको हो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरुः**
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**BCA** Application form for Entrance Exam **Ongoing**
**BIM** Online Entrance Application form for CMAT **Bhadra 27**
**BBS** **ADMISSION IS OPEN NOW**


HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
www.hsm.edu.np
"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur | info@hsm.edu.np | 9855074222

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# डिजिटल डिटक्सः जुन गाउँमा सूर्यास्तसँगै बन्द गरिन्छ मोबाइल र टिभी



काठमाडौं/ अहिलेको युग डिजिटल युग हो । अहिले अधिकांस मानिसहरु मोबाइल फोन तथा इन्टरनेटको पहुँचमा छन् । डिजिटल प्रविधिले मानिसहरुको जिवनमा ठूलो परिवर्तन ल्याएको छ ।

घरमै बसेर आफ्नो व्यवसायिक काम गर्न सम्भव भएको छ, भर्चुअल्ली । मानिसहरुको मोबाइल तथा टेलिभिजन जस्ता ग्याजेटमा खर्च गर्ने समय बढिरहेको छ । तर यो डिजिटल दुनियामा एउटा यस्तो गाउँ छ जहाँ सूर्यास्तसँगै मानिसहरुले आफ्नो मोबाइल तथा टेलिभिजन बन्द गर्दछन् ।

उक्त गाउँमा बेलुकी हुने बित्तिकै मन्दिरमा एउटा साइरन बजाइन्छ । साइरन बजेसँगै गाउँका सबै मानिसहरु आफ्नो मोबाइल, टिभी तथा अन्य सबै ग्याजेटहरु बन्द गर्दछन् । साइरन बजेपछि स्कुले बच्चाहरु ग्याजेटबाट टाढा भएर किताब कापी समाउँछन् वा अभिभावकसँग कुराकानी गर्दछन् । दोश्रो साइरन नबज्दासम्म यो प्रक्रिया जारी रहन्छ ।

बेलुकी भएपछि मोबाइल तथा टिभी बन्द गर्ने सायद दुनियाकै एकमात्र गाउँ हो यो । भारतको महाराष्ट्रस्थित सांगलीमा रहेको उक्त गाउँको नाम मोहित्यान्चे वड गाउँ हो । त्यो गाउँमा मानिसहरु बेलुकी डेढ घण्टा मोबाइल, टिभी लगायतका ग्याजेट चलाउँदैनन् ।

करीब ३ हजार १ सय जनसंख्या रहेको उक्त गाउँमा हप्ताका सातवटै दिनमा त्यस्नो नियम पालना गरिन्छ । त्यसको निगरानीका लागि एक वार्ड वार कमिटी बनाइएको छ । गाउँका सरपञ्च विजय मोहितले मोबाइल तथा टिभी बन्द गर्ने प्रस्ताव राखेका छन् । उक्त विशेष अभियानमा मानिसहरुले साथ दिइरहेका छन् । स्थानीय मन्दिरबाट दिनहुँ बेलुकी ७ बजे एक साइरन बज्दछ ।

त्यसपछि मानिसहरुले आफ्नो मोबाइल फोन, टेलिभिजन सेट तथा अन्य ग्याजेटहरु बन्द गर्दछन् अनि किताब पढ्न थाल्दछन् । बालबालिकाहरु lKg आफ्नो पढाइलेखाइमा लाग्दछन् र त्यसक्रममा अभिभावकहरुले पनि बच्चालाई पढाइमा सघाउँछन् । घरपरिवारका सदस्य सँगै बसेर कुराकानी गर्दछन् । डेढ घण्टापछि रातको साढे ८ बजे दोश्रो अलार्म साइरन बज्दछ । त्यसपछि मात्र मानिसहरुले घरका टिभी तथा आफ्ना मोबाइल फोन खोल्दछन् ।

सरपञ्च मोहितका अनुसार कोरोना भाइरस महामारीको लकडाउनका बेला अनलाइन कक्षा हुँदा बालबालिकाको हात हातमा मोबाइल फोन आएको हो । बचचाहरु अनलाइन कक्षामा हुँदा अभिभावकहरु प्नि अबेर सम्म टिभी हेर्न थाले । तर जब स्कुल खुल्न थाले तब विद्यालय आएका विद्यार्थीहरु अल्छी भएको महसुस शिक्षकहरुलाई भयो । त्यसपछि गाउँमा डिजिटल डिटक्सको अभियान सुरु गरिएको हो ।

*- एजेन्सीको सहयोगमा*

**यौन/जीवनशैली**

# जतिपल्ट सेक्स, त्यत्तिपल्ट पिल्स !



'डाक्टर सा'ब नमस्कार, 'प्राइभेट पार्ट'मा समस्या देखियो,' किशोरी खुलेर भन्छिन् । अहिलेका किशोरीहरुले निर्धक्क समस्या भन्न सकेकोमा गाइनोक्लोजिष्ट डा लता बज्रचार्य खुशी हुन्छिन् । किनभने आफ्ना समस्या निर्धक्क भन्नसक्नु समाजमा आएको सकरात्मक परिवर्तनको एउटा नतिजा हो भन्ने लाग्छ उनलाई । उनी त्यो उमेरकी हुँदा यस्ता विषय सहकर्मीसँगै गर्न हिचकिचाउने अवस्था थियो ।

प्रजनन वा यौन समस्याले गाँजेर ज्यानै जान अवस्था नआइ मुख खोल्न सकिने अवस्था थिएन । समस्या भन्यो, उल्टै चरित्रमाथि औंला उठाउने डर हुन्थ्यो त्यो समयमा । डा बज्राचार्यकोमा जिज्ञासा र समस्या लिएर आउनेमा धेरै युवतीहरु छन् ।

ती युवतीहरु आफ्ना समस्या निर्धक्क भन्दै जान्छन्, 'प्राइभेट पार्ट'मा चिलायो । दाग देखियो । ब्वाइफ्रेन्डसँग सेक्स भा'थ्यो । पिल्स त खाएँ तर शंका लाइरा'छ । आदि इत्यादि । डा. बज्रचार्य चकित पर्छिन्, 'समाज त निकै अघि बढिसकेछ । मकहाँ समस्या लिएर आउने ५० प्रतिशत युवती त ब्वाइफ्रेन्ड भएको र उसँग सहवास हुने गरेको निर्धक्क बताउँछन् ।'

उनीकहाँ आउनेमा आफ्ना 'मल्टिपल' सेक्स पार्टनर भएकाले भविष्यमा यौन तथा प्रजनन समस्या आउँछ कि भनेर सोध्ने पनि छन् । सहरी एरियामा बढ्दो प्रजनन तथा यौन स्वास्थ्य शिक्षाले मात्रै डा. लता बज्राचार्यलाई गुहारेका होइनन् । उमेर त्यति धेरै नहुँदै यौन तथा प्रजनन समस्यामा पर्नेको सँख्या पनि बढेको देखिन्छ ।

डा बज्राचार्यलाई सही लाग्छ, 'सानो समस्या हुने बित्तिकै उपचारका लागि आउँछन् ।' पीर लाग्छ, 'विकृतिले हामीलाई नराम्ररी गाँज्दै त छैन ।' अझ ठूलो संख्यामा त जोशमा होस् गुमाएर कण्डम जस्ता सुरक्षित साधन प्रयोग नगर्ने बढेका छन् । 'आधुनिकतासँगै आफूलाई ढाल्ने क्रममा असुर क्षित सम्बन्ध स्थापित गर्नुचाहिँ विकृति हो,' डा. बज्राचार्य भन्छिन् ।

जतिपल्ट सेक्स, त्यत्तिपल्ट पिल्स 'ब्वाइफ्रेन्डसँग रमाइलो गर्दा गर्दै यौनसम्बन्ध भइहाल्यो । पछि इर्मेजेन्सी पिल्स त लिएकी थिएँ तर पनि शंका लाइरा'छ,' उनलाई निर्धक्क भन्छन् केटीहरु ।

'यो उपक्रम महिनौंदेखि दोहोरिएको हुन्छ,' डा. लता भन्छिन्, 'यो आकस्मिक गर्भ निरोधक पिल्स हो तर हप्तैपिच्छे ब्वाइफ्रेन्डसँग असुरक्षित यौन सम्बन्ध राखेर हप्तैपिच्छे पिल्स सेवन गर्ने बढेका छन् । यसले साइड इफेक्ट गरेपछि हामीकहाँ आइपुग्छन् ।'

अपुरो जानकारीका कारण यो चक्कीलाई परिवारको नियोजनको साधनको रुपमा प्रयोग गर्ने गरिएको पाइएको उनी बताउँछिन् । उनका अनुसार यसको प्रयोगले गर्भ रहँदैन भन्ने मात्रै बुझाई धेरै किशोरीमा रहेको छ । अहिलेको पुस्ताले ज्ञान पाए र स्वतन्त्रता पाए । उनको बुझाईमा यो दुईटै अपुरो भयो, 'ज्ञान यति मात्रै पाए कि कुन साधनको प्रयोग गर्दा गर्भ रहँदैन र स्वतन्त्रता त्यसलाई मात्रै ठाने कि ब्वाइफ्रेन्डसँग यौन सम्बन्ध राख्नुपर्छ ।'

अहिलेको पुस्ताले फाइदा मात्रै बुझ्ने र त्यसले ल्याउने समस्यालाई वेवास्ता गर्ने गरेको उनी बताउँछिन् छिन् ।

***मेडिकल गर्भपतन बढ्दो***

असुरक्षित सम्बन्ध बनाएर पछि समस्यामा पर्नेको कहानी यहींनेर टुंगिदैन । 'अहिले सहरी क्षेत्रमा अर्को समस्या बढिरहेको त्यो हो मेडिकल गर्भपतन,' डा. बज्रचार्यले भनिन् । विशेषज्ञको निगारानी र सल्लाहबिनै मेडिकलमा गर्भपतनका औषधि किनेर खाँदा भएका समस्या लिएर पनि धेरै महिलाहरु आफूसम्म आइपुगेको उनी बताउँछिन् ।

सहरी महिलामा अहिले केही सकरात्मक परिवर्तन पनि देखिएका छन् । 'केही समयअघि आफ्नो दुध बच्चालाई खुवाउँदा ज्यान बिग्रिने पीरले गाइभैंसीको खुवाउने गरेको सुनिन्थ्यो । अहिले भने आफ्नै दुध खुवाउनेहरु धेरै छन्,' उनले भनिन् ।

पेटको सौन्दर्यको पीर गर्भवती अवस्थामा र त्यसपछि आफ्नो सौन्दर्यमा कमी आउने पीरले भने महिलालाई छाडेको छैन । अनुहारको चायाँपोतासँगै पेटको सौन्दर्य बिग्रेकोमा पीर गर्ने धेरै छन् ।

उनका अनुसार पेटको केही अंश देखाएर सारी लगाउने चलन आएकाले पेटको सुन्दरताको चिन्ता गर्ने बढेका हुन् । 'विशेष गरी गर्भावस्थामा पेटको छाला तन्किँदा सेता धर्साहरु देखिने भएकाले ती कसरी मेट्ने भनेर आउने धेरै हुन्छन्,' डा. बज्रचार्य भन्छिन् ।

-साभार: स्वास्थ्यखबर

**साहित्य**

## सुखले बाँचौं है

**जनार्दन खनाल**
बकैया-४, छतिवन

एउटा गाडी तयार हुन्न विभिन्न पूर्जाले
जोडिदै जाँदा पूर्णता पायो यो कालिगढले
यस्तै नै रैछ शरीर पनि विभिन्न अंग गल्ने
बनियौं हामी सुन्दर हामी अनौठो संगले ।।

विभिन्न खाले यो पूर्जामध्ये प्रमुख मिसिन
भएझैं हाम्रो शरीर पनि मुटुनै जीवन
यो मुख्य अंग रहेछ हाम्रो यसै सुसार
गर्नुभै राम्रो हे सभ्यजन भएर उदार ।।

शरीर स्वस्थ राख्नको लागि आहार विहार
यसैमा ध्यान दिनुनै राम्रो गरौ है विचार
नदिदा ख्याल यो मुटुप्रति मृत्युनै रोज्नु हो
सुरक्षा गर्न यो स्वस्थ राख्न उपाय खोज्नु हो ।।

बासी र तासी चिल्लो र पीरो अखाद्य नखानु
बेलैमा सुत्नु विहानै उठ्नु चिन्तित नहुनु
शरीर स्वस्थ राख्न नै राम्रो कर्तव्य हाम्रो हो
आफैले आफ्नो देहको ख्याल गर्नुनै राम्रो हो ।।

आउन्न पनि विचार स्वस्थ अश्वस्थ शरीर
हुंदामा हामी बाँच्नुनै पर्छ बोझिलो बनेर
त्यसैले अब चेतना छर्दै ती अन्य ठाउँमा
उपायहरु प्रचार गरौं विभिन्न गाउँमा
मनुस्य चोला पाउनै गारो हामीले पाएको
भेटिन्ट यहा जीवन बाचे हामीले चाहेको
नबनौं रोगी नबनौं दु:खी सुखी भई बाचौं है
राष्ट्रको लागि निरोगी हुँदै जीवन साँचौं है ।

विश्वमै छैन यो हाम्रो जस्तो चलन अपार
देखेर अन्य देशका मान्छे चकित संसार
विदेशी सिको गरेर आयो विविध विकृति
शिक्षित वर्ग सचेत हुँदै जोगाऔं संस्कृति ।।

सम्पूर्ण आफ्ना आफन्त साथ गरेर गन्थन
भेटनै हुने हुँदामा भयो यो चाड मिलन
नाता र गोता संगै नै बसी दु:ख र सुखका
बातानै गर्दा भित्रको चिन्तन गएर स्वच्छता ।।

भएका जति आफन्त संगै पिठोनै खाए नि
अत्यन्त मिठो हुनेनै गर्छ जेजस्तो भएनि
देवको पूजा गर्नुनै हाम्रो शक्तिको साधना
सबैमा मेरो हृदय देखि छ शुमकामना ।।

## नफर्किने खोला र सन्तान



**राकेश कार्की**

जब जब श्रद्धेय बुवाआमा
झनै झनै बुढाबुढी हुनुभयो
विदेश गएका छोराछोरी सम्झेर
दिनरात धुरू-धुरू रूनुभयो

न छोरी फर्किने भन्छिन्
न त छोरो फर्किने भयो
चटक्कै छोडेपछि यो उमेरमा
मन चुँडिएर दुख्ने नै भयो

छामछाम छुमछुम गर्छन् बुढा
मोतीबिन्दुको अप्रेशन गर्नुपर्ने
मान्दैन सालो डाक्टरकाँ लान
श्रीमतीको भाइ भएर के गर्ने ?

गाडी पठाउँछन कि भन्ने आशले
देवरलाई भन्नु नि भन्छिन् बुढी
बुढालाई समाती थेग्ने बुढी मात्र
आखिर जानु पर्यो ट्याक्सी चढी

सन्तानले सुख देलान् भनि के भन्नु
बुढाबुढी दुवै थला परे के हाल होला
फोनबाट 'ठिक छ ?' भनि सोध्छन् मात्र
देश छोडी बगेपछि नफर्किने रैछ खोला

जब जब श्रद्धेय बुवाआमा
झनै झनै बुढाबुढी हुनुभयो
विदेश गएका छोराछोरी सम्झेर
दिनरात धुरू-धुरू रूनुभयो ।

## तिमी नहुँदा



**हेमराज लिम्बु**

तिमी नहुँदा
वसन्त ऋतुको
प्रचण्ड गर्मीमा
शीतलता अनुभूत गर्न
फ्यान र एसी जडित
शून्य कोठामा बस्छु
तर अहँ!
शीतलता पाउँदिनँ
तिमी नहुँदा
शिशिर ऋतुको
मुटु काम्ने जाडोमा
न्यानोपनको अनुभूत गर्न
हिटर ताप्न बस्छु
तर अहँ!
न्यानोपन पाउँदिनँ
फ्यान र एसीबाट
नपाएको शीतलता
अनि
हिटर ताप्दा
नपाएको न्यानोपन
जब
तिमीसामु म उभिन्छु
म प्रचण्ड गर्मीमा
शीतलता पाउँछु
मुटु काम्ने जाडोमा
न्यानोपन पाउँछु ।

कविता

## दसैं आउँछ

**प्रतिभा पौडेल "एकता"**

आत्तिएर छटपटाएका गाउँहरूमा
शून्यताले प्रधानता पाएका गाउँहरूमा
एकैछिन भए पनि आफ्नो बनेर
सधैँलाई नभए नि दिन गनेर
क्षणिक भए नि साथ दिन
हातमा हात दिन
सयौँदेखि हजारसम्म
सहरदेखि बजारसम्म
वर्षमा एकपटक भए नि दसैं आउँछ ।

वृद्धावस्थाले थलिएका गाउँहरूमा
सहारा खोजिरहेका ठाउँहरूमा
एकैछिन भए पनि ढाडस बनेर
झिनो भए पनि आश बनेर
क्षणिक भए नि साथ दिन
हातमा हात दिन
तालदेखि सुरसम्म
दूरदेखि दूरसम्म
वर्षमा एकपटक भए नि दसैं आउँछ ।

ग्रिष्मले धोएका गाउँहरूमा
रङ्ग उडेका खल्ला ठाउँहरूमा
एकैछिन भए पनि रङ्गिन गराएर
सत्य जिताई असत्यलाई हराएर
क्षणिक भए नि साथ दिन
हातमा हात दिन
पिङको सुसेलीमा
मिठो कोसेलीमा
नौडाँडा पारिदेखि
युरोपदेखि खाडीसम्म
वर्षमा एकपटक भए नि दसैं आउँछ ।

निधारको जमरा र टीका बनेर
कसैको ठिक्क त कसैको फिका बनेर
वर्षमा एकपटक भए नि दसैं आउँछ ।

## गजल

**डिल्लीप्रसाद अधिकारी**

मेरो भगवान न जन्मन्छ न मर्छ कहिले
कसैले भगवानलाई के गर्छ गर्छ कहिले ।।
अचेल मान्छेलाई के भएको हो यो
खै कसैले त खै भन्नुपर्छ कहिले ।।

अहंकारको परिधि पनि कस्तो ठूलो
विश्वव्यापी भएर पो यही चर्छ कहिले ।।
ञअमानवको यो मानव जगतझ भन्थे देवकोटा
महामानव पनि तल अझै तल झर्छ कहिले ।।

चेतना शुन्य छु बन्द कोठामा म पनि
बाहिरको असीनापानी खै टर्छ कहिले ।।

जे भएको होस् प्रेमको पर्यावरण
विश्वास नै पो अविश्वास ठहर्छ कहिले ।।
कविहरू बेहोस छन् आइ. सी. यू मा
वैतरणी गरेमा खोलो तर्छै तर्छ कहिले ।।

**हास्यव्यंग्य**

# मापसे, लापसे र चुसे

**भवानी बराल**

नेपालीहरु नाम जुराउन खुबै सिपालु छन । अझ गुण अनुसारको नाम जुराउन झनै खप्पिस छन् । मान्छेको विशेषता अनुसार नाम जुराउने प्रचलन त नेपाली समाजको पहिल्यै देखिको हो । जुन बारमा जन्म्यो त्यहि बारको नाम राखने चलन अझै गाउँघर तिर छ । बुधबार जन्मेको पुलिङ्ग छ भने बुधे, स्त्री लिङ्गि छ भने बुधरानी, आईतबार जन्मेको पुलिङ्ग छ भने आईते, स्त्री लिङ्गि छ भने आईतरानी आदि । ठाउँको नाम, पद, स्थान विशेषबाट पनि नेपालीहरुको चिनारी हुने गर्छ । उहिले नै उहिले धेरै नै पहिले महिलाहरुको नाम त पुरुषकै पदलाई थोरै स्त्री लिङ्गि बनाएर पनि काम चलाईन्थ्यो । जस्तो कि जम्दारकी स्वास्नी जम्दार्नी, हल्दारकी स्वास्नी हल्दार्नी, इन्सपेक्टरकी घरवाली निस्पेटर्नी ईत्यादी । भूगोल, बोट विरुवाको नामबाट पनि मान्छेको नाम राखिन्थ्यो । कटहरको बोट छेउमा घर हुने कटहरे, काभ्रोको रुख छेउमा बस्ने काभ्रे, सुन्तलाको बगान छेउमा घर हुने सुन्तले, उस्का घरका आईमाई जति सुन्तली । त्यस्तोमा धेरै पुरुष छन भने सुन्तले जेठा, माईला, साँईला, कान्छा महिला भए सुन्तले जेठी, माईली, अन्तरी, जन्तरी, कान्छी आदी ।

नामलाई छोटकरी बनाउनेमा पनि नेपालीहरु सिद्धहस्त नै छन् । यस्तैमा एमालेका बरिष्ठ नेता माधवकुमार नेपालको छोटकरी नाम 'माकुने' त प्रख्यात नै छ । यसरी नै अरु नेताको नाम छोटकरी गरे भनेपनि कमोवेश चल्ती नै होला अपवादलाई छोडेर । जस्तोकी नेपाली कांग्रेसका सभापति शुशिल कोईरालाको नाम छोटकरीमा 'शुको' हुने रैछ । कांग्रेसमा उनको हैसियत हेर्दा उनलाई यो नाम सुहउँदो नै छ । कांग्रेसमा उनको भाउ शुको बराबर नै छ । यस्तै पुष्पकमल दाहालको 'पुकदा', झलनाथ खनालको 'झनाख', शेरबहादुर देउवाको 'शेबदे', रामचन्द्र पौडेलको 'राचपौ', खड्गप्रसाद (केपी) ओलीको 'खप्रओ', बाबुराम भट्टाईको 'बाराभ' आदि । यसमध्ये नेका सभापति कोईरालाको छोटकरी नाम बहुतै सुहाएको लाग्छ । अरुको पनि दामासायीले ठिकै जस्तो लाग्छ । माधव नेपालको त काईदाले सुहाएको छ ।

यसपटक भने नेपाल प्रहरीले मादक पदार्थ सेवन गर्नेहरुलाई छोटकरी नाम 'मापसे' जुराएर हंगामा मच्चायो । मापसे यति व्यापक भयो कि यसले सेवन गर्नेलाई मात्र आतंकित बनाएन 'मापसे' गराए वापत आनासुकी कमाउने व्यवसायीलाई पनि धरापमा पुऱ्यायो । नेपालमा आन्तरिक पर्यटनलाई बढवा दिने यो क्रियाकर्म नहुँदा राजधानीका भट्टी पसलेहरुले झिँगा मार्नु पऱ्यो रे । राजधानीका राँके बजार सुक्यो । क्याबिन रेष्टुँरा, क्यासिनो, पप, डान्सबार, रिसोर्ट, छाप्रे भट्टी खाली भए ।

तर, मापसेलाई महिलाबृन्दले समर्थन गरे । भट्टी साहुनीसंग रत्तिन पुगेका पोईलाई मापसेले उकासेकोमा उनीहरु खुसी हुनु स्वभाविक थियो । घरघरम बेलैमा सज्जनबृन्द साँझ बत्ती बाल्न पुगे । उता पुलिसलाई पनि काईदा भयो । नक्कली विल भर्पाई बनाएर मापसेबाट खल्ती गरम बनाए । अलीअली राजस्व ढुकुटीमा गयो । आधाउधी पुलिसका घरमा सुकुटीमा गयो । जे भयो सबैको भलो भयो । अब यो मापसे देशव्यापी हुने पुलिसले ऐलान गरिसकेको छ । सरकारलाई राजस्व, ड्यूटीमा बस्ने पुलिसलाई, कमाण्ड गर्ने पुलिसका हाकिमलाई सबैलाई काईदाको फाईदा भयो । घरवालीलाई लोग्नेको बेहोरा सुधार्ने राम्रो योजना तथा कार्जेकरम भयो । मापसेको अपार सफलता पछि पुलिसले राजधानीबाट 'चुसे' कार्जेकरम ल्याएको छ । चुसे अर्थात चुरोट सेवन । सार्वजनिक स्थलमा चुरोट सेवन गरेको भेट्टायो कि अब आईन्दा पुलिसले च्याप्प समात्छ र डाँड्नसम्म डाँड्छ । अलिकति सरकारको राजस्व बापत डाँड्छ । आनाकानी गरे आफ्नै 'खाजस्व' को लागि डाँड्ने वाला छ । होस गर्नुस यो कार्जेकरम राजधानीमा सुरु भैसकेको छ । हाम्रो गाउँघरतिर पनि आउनेवाला छ ।

यी त भए पुलिसले गर्दै गरेका कार्जेकरम । तर पुलिसले हातखुट्टा नहाली नहुने अर्को कार्जेकरम छ 'लापसे' अर्थात लागु पदार्थ सेवन । यो लापसेले पनि उधुम मच्चाएको छ । लापसेको कारण भोलीका कर्णधार, कर्णधार्नी भुसुक्कै भएका छन् । लापसेले घरगाउँ उजाड पारिसकेको छ । लापसे गर्न नपाउँदा घरका पुन्युसम्म बाँकी रहेका छैनन् । लापसेको कारण कर्णधारको कान मात्र होईन मल विस्राम गर्ने चाक पनि सुकीसकेको छ । लापसे, मापसे, चुसे भन्दा कहाँ न कहाँको माप्पाको छ । यसले होनाहार युवायुवतीलाई जै नेपाल बनाईसक्यो । यसमा चैं पुलिसको हातखुट्टा, नाक, कान, घाँटी र आँखा नपर्नु रहस्यपूर्ण छ ।

गन्ती गर्दै ल्याउँदा यस्ता थुप्रै 'से'हरु छन् । देशलाई नै 'सुलिफ्याँत' बनाउने यस्तै एउटा 'से' छ । त्यो 'से' हो 'घुसे' अर्थात घुस सेवन । मापसे, चुसे, लापसे भन्दा डरलाग्दो दुर्व्यसन घुसे हो । यसले त मुलुकलाई नै 'सेण्टीफल्याँट' बनाउँछ । मापसे आफ्नै पैसाले खाने हो । चुसेको खर्च पनि आफ्नै गोजिबाट जान्छ ।

-बाँकी ३ पेजमा...

# जोडी आउँदा हिट, एक्लै आउँदा...



काठमाडौं/ दयाहाङ राई र सौगात मल्ल जबजब पर्दामा एक साथ देखिन्छन् । उनीहरूका चलचित्रले बक्सअफिसमा 'कमाल' गर्छन् । पछिल्लो उदाहरण 'कबड्डी' लिए हुन्छ । अलि अगाडि जाने हो भने 'लुट' । 'लुट' उच्च व्यापार मात्रै होइन कन्टेन्ट र प्रस्तुतिका हिसाबले पनि ट्रेन्ड सेटर चलचित्र हो । 'कबड्डी' व्यापारको ग्राफ उचाल्ने चलचित्र ।

तर, सिनेमामा यो जोडी निकै कम मात्रै एकसाथ देखिन्छ । रंगमञ्चको पृष्ठभूमीबाट चलचित्रको यात्रा तय गरेका दयाहाङ र सौगात 'लुट' यता लोकप्रिय अभिनेताको छवि बनाएका कलाकार पनि हुन् । यी दुईको छवि निकै लोभलाग्दो छ । परिणाम दुवै 'अलटाइम विजी' अभिनेता हुन् । हाइप बनाएका हुन् अथवा पब्लिसिटी नै नगरी आउने सिनेमा हुन्, उनीहरूका चलचित्र बाक्लै आइरहेका हुन्छन् । रोजाइका नायक, पारिश्रमिक महँगो त हुने नै भयो । तर, उनीहरूका चलचित्रले एकाधबाहेक आफ्नो छविजस्तो लोभलाग्दो व्यापार गरिरहेका भने हुँदैनन् । उनीहरूको क्यारेक्टरको आलोचना भने कमै हुँदै आएको छ ।

तर, पछिल्लो समय उनीहरू आलोचनामुक्त पनि छैनन् । दयाहाङलाई लगातार स्टोरियोटाइप क्यारेक्टरमा आइरहेको आरोप बाक्लै लाग्दै आइरहेको छ भने सौगातलाई लाउड अभिनय गरेको आलोचनाले पछ्याइरहेको छ ।

चलचित्रको कथा एक्लै काँधमा बोक्दा बक्स अफिसमा खासै जम्न नसेकका उनीहरू अहिले पुन: एकसाथ देखिने तयारीमा छन् । चलचित्र 'दुई नम्बरी'मा उनीहरू एक साथ देखिँदैछन् ।

यो चलचित्रमा दयाहाङ र सौगात साथीको भूमिकामा छन् । उनीहरूले एउटै कथामा स्क्रिन सेयर गरेको यो चलचित्रले बक्सअफिसमा कस्तो कलेक्सन गर्छ, त्यो भने हेर्न बाँकी छ ।

*-साभार: बाह्रखरी*

# दसैंमा राष्ट्रपतिले मन्त्रीदेखि सर्वसाधारणलाई टीका लगाइदिने

काठमाडौं/काठमाडौं राष्ट्रपति विद्यादेवी भण्डारीले बडादसैंको टीका इच्छुक मन्त्रीदेखि सर्वसाधारणलाई लगाइदिने भएकी छन् ।

उच्च पदस्थदेखि सर्वसाधारण व्यक्तिलाई राष्ट्रपति भण्डारीले बडादसैंको टीका लगाइदिने कार्यक्रम तय भएको राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले जानकारी दिए ।

उनका अनुसार विजया दशमीका दिन १९ असोजमा दिउँसो २ देखि अपरान्ह ३ बजेसम्म उच्च पदस्थ व्यक्तिहरूलाई र सोही दिन अपरान्ह ३ बजेदेखि ५ बजेसम्म सर्वसाधारणलाई बडादसैंको टीका लगाइदिने कार्यक्रम तय गरिएको छ ।

टीका ग्रहण गर्ने जानेलाई मर्यादित पोशाक लगाउनुपर्ने र राष्ट्रपति कार्यालयको प्रवेशद्वार नम्बर १ बाट प्रवेश गर्न भनिएको छ ।

# रात्रिकालिन गस्ती गर्ने आमा समूहलाई वडा कार्यालयको सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ रात्रिकालिन गस्ती गर्ने हेटौंडा-९ को पुष्पाञ्जली आमा समूहलाई वडा कार्यालयले विभिन्न सामग्री सहयोग गरेको छ ।

समाज सुधारको अभियान लिएर रात्री गस्तीमा हिँड्ने क्रममा आवश्यक पर्ने सामाग्री वडाले सहयोग गरेको हो । हेटौंडा-९ नम्बर वडा कार्यालयले ज्याकेट, जुत्ता, टर्च, सिटीसहित सामान्य उपचारका लागि स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

वडा कार्यालयले महिला समूहका लागि खरीद गरेको सामग्री हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले महिला समूह अध्यक्ष कल्पना थापा मगरसहित समूहमा आवद्ध रहेका ४० जनालाई हस्तान्तरण गरेकी हुन् । महिला समूहले प्रत्येक दिन राति वडा क्षेत्रमा गस्ती गर्ने गरेका छन् । कार्यक्रममा वडा नम्बर ९ का अध्यक्ष सुकराम केसीले आमा समूहको कामले वडामा रात्रिकालिन यात्रामा सहज भएको बताए ।

सामग्री हस्तान्तरण कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य वीरेन्द्र लामा, सुनिता दर्नाल, वडा सदस्य कमला पौडेल, नगर स्वास्थ्य समितिका सदस्य बेगम बराल लगायतको आतिथ्यता रहेको थियो ।

# ट्रायल' दिँदा कसरी पास हुने ?



सिरहा/यातायात व्यवस्था कार्यालय लाहान सिरहाले अब चालक अनुमतिपत्र लिन मात्र ७० प्रतिशत ल्यएपछि ट्राइल पास हुने व्यवस्था गरिएको छ ।

मोटरसाइक्ल, स्कुटर, कार, जिपका चालक अनुमतिपत्र लिने परीक्षार्थीले लिखितमा ६० प्रतिशत र ट्राइलमा ७० प्रतिशत ल्यएपछि पास हुने व्यवस्था गरिएको हो ।

गत शनिबार लहानको ट्रायल सेन्टरमा सवारी चालकको अनुमति पत्र प्राप्त गर्न ट्रायल परीक्षा दिने व्यक्तिहरूको लर्को थियो । ट्रायलमा कति फेल त कति पास भइरहेको थियो । तर, कार्यालयले ७० प्रतिशत ट्राइलको नयाँ परीक्षा प्रणाली लागू गरेपछि पहिलेको तुलनामा पासको हुनेको संख्यामा धेरै वृद्धि भएको यातायात व्यवस्था कार्यालय लाहान प्रमुख कुशेश्वर साहले बताए । ७० प्रतिशत ट्राइलको नयाँ परीक्षा प्रणाली लागू गरेपछि चालक अनुमतिपत्र लिनेहरूको संख्या ह्वातै बढेको उनको भनाइ छ ।

यो नयाँ प्रणाली लागू भइसकेपछि अनुमतिपत्र लिनेहरूका लागि यसले एउटा अवसरकै रूप दिएको र अब निर्धक्कताका साथ दुईपांग्रे र चारपांग्रे गाडीको अनुमतिपत्र आवेदन दिन कार्यालय प्रमुख साहले आग्रह गरेका छन् । पहिला मोटरसाइकलको पास हुने अनुपात २५ प्रतिशत रहेकोमा अहिले ६० प्रतिशत पुगिसकेको कार्यालयका कम्प्युटर अपरेटर विजय दाहालले बताए । त्यस्तै पुरानो व्यवस्थामा गाडीको १५ प्रतिशत रहेकोमा अहिले ३५ देखि ४० प्रतिशत पुगेको उनको भनाइ छ । उनले साइड लाइट बाल्न बिर्सिएको, हलुका लाइन छोएकोलाई कार्यविधिअनुसार पास गरिएको बताए ।

यातायात व्यवस्था विभागले १ जेठ ०७८ देखि लागू हुने गरी दुईपांग्रे र चारपांग्रे सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा ७० अंक ल्याए पास हुने कार्यविधि पास गरेको थियो । विभागले प्रयोगात्मक परीक्षामा कुनै सामान्य गल्ती भए पनि फेल हुने अर्थात् १०० पूर्णांकमा १०० नै ल्याउनुपर्ने व्यवस्था हटाउँदै सामान्य त्रुटि भए पास हुने कार्यविधि बनाएको छ ।

एकपटक फर्म भरेपछि तीनपटकसम्म ट्रायल दिन सकिन्छ । पुरानो व्यवस्थाको तुलनामा पास हुनेको संख्या दोब्बरले बढेको सिरहाका परीक्षार्थी संजय सिंहले बताए । शनिबारदेखि लहानमा ट्रायल परीक्षामा ७० अंक ल्याए पास हुने सुरु भएको छ । पहिलो दिनमै सैयौं व्यक्तिहरू पास भएका थिए । -इकागजबाट

# मापसे...

लापसे घरकै नाखामुन्द्री चोरेर, भँ'डाक'डा, डाडुपुन्यु बेचेर खाने हो । तर, घुसे गर्नेले त देशै बेच्छ । जनताको उठीबास लाउँछ । यो घुसेमा पो पहिले कार्जेकरम लैजानु पर्छ । मापसे, लापसे र चुसेमा मात्र लगेर के हुन्छ । घुसे बन्द भयो भने मापसे, लापसे र चुसे स्वत: बन्द हुन्छ ।

तर पुलिसले मापसे, चुसेमा किन आँखा गाडेको होला ? चुसे पछि उसले अर्को कार्जेकरम 'खैसे' अर्थात खैनी सेवन पनि ल्याउन बेर छैन । तर, यो खैसे मधेसमा फेल खान्छ । पहाडमा पनि खैसे बढ्दै गएको छ । तर, जे सुकै भएपनि घुसे पहिले बन्द गऱ्यो भने अरु 'से'हरु भारी बात छैन । सबैले घुसे क्रिर्जान्वयनमा जोड दिउँ । चुरेरो । -साभार: समकालिन साहित्य

# दशैं बिदामा पनि बालबच्चालाई गृहकार्यको बोझ

काठमाडौं/ चाडपर्व मनाउनु, आफन्त-नातागोतासँग चिनजान गर्नु, पारिवारिक भेटघाट गर्नु पनि बालबच्चाको लागि जीवनोपयोगी पाठ हो भन्छन् शिक्षाविद् विद्यानाथ कोइराला । उनका अनुसार दशैं तिहारजस्ता चाडपर्वबाट बालबच्चाले धेरै ज्ञान आर्जन गरिरहेका हुन्छन् ।

परिवारसँग घुलमिल हुन, समाजसँग एकाकार हुन, इष्टमित्रसँग सम्बन्ध बढाउन चाडपर्वले सहयोग गर्छ । संस्कृति र समाजलाई बुझ्ने यो एउटा राम्रो अवसर हुनसक्छ । यद्यपि बालबच्चाहरुले चाडपर्वका यी आयामलाई कति अनुभूति गर्छन् ? किनभने उनीहरुलाई त विद्यालयको गृहकार्य सकाउने हतारो हुन्छ । लामो बिदाका बेला अधिकांश विद्यालयले बालबच्चालाई गृहकार्य दिने प्रवृत्ति छ । 'गृहकार्य सकाउनुपर्छ भन्ने सोच्दासोच्दै बालबच्चा यति तनावग्रस्त हुन्छन् कि उनीहरुले चाडपर्व आए गएको पनि पत्तो पाउँदैनन्,' मनोविद् विनोद पौडेल भन्छन् ।

गृहकार्यकै तनावले गर्दा उनीहरुले चाडपर्वबाट आर्जन हुने सामाजिक एवं व्यावहारिक कुरा सिक्न नपाउने पौडेलको तर्क छ । चाडपर्वले बालबच्चालाई र चनात्मक बनाउन सहयोग गर्ने र सामाजिक जीवनमा घुलमिल हुन प्रेरित गर्ने शिक्षाविद् कोइराला बनाउँछन् । - *अनलाइनखबरबाट*

दशैं बिदामा पनि बालबच्चालाई गृहकार्यको बोझ



काठमाडौं/ चाडपर्व मनाउनु, आफन्त-नातागोतासँग चिनजान गर्नु, पारिवारिक भेटघाट गर्नु पनि बालबच्चाको लागि जीवनोपयोगी पाठ हो भन्छन् शिक्षाविद् विद्यानाथ कोइराला । उनका अनुसार दशैं तिहारजस्ता चाडपर्वबाट बालबच्चाले धेरै ज्ञान आर्जन गरिरहेका हुन्छन् ।

परिवारसँग घुलमिल हुन, समाजसँग एकाकार हुन, इष्टमित्रसँग सम्बन्ध बढाउन चाडपर्वले सहयोग गर्छ । संस्कृति र समाजलाई बुझ्ने यो एउटा राम्रो अवसर हुनसक्छ । यद्यपि बालबच्चाहरुले चाडपर्वका यी आयामलाई कति अनुभूति गर्छन् ?

किनभने उनीहरुलाई त विद्यालयको गृहकार्य सकाउने हतारो हुन्छ । लामो बिदाका बेला अधिकांश विद्यालयले बालबच्चालाई गृहकार्य दिने प्रवृत्ति छ । 'गृहकार्य सकाउनुपर्छ भन्ने सोच्दासोच्दै बालबच्चा यति तनावग्रस्त हुन्छन् कि उनीहरुले चाडपर्व आए गएको पनि पत्तो पाउँदैनन्,' मनोविद् विनोद पौडेल भन्छन् ।

गृहकार्यकै तनावले गर्दा उनीहरुले चाडपर्वबाट आर्जन हुने सामाजिक एवं व्यावहारिक कुरा सिक्न नपाउने पौडेलको तर्क छ । चाडपर्वले बालबच्चालाई रचनात्मक बनाउन सहयोग गर्ने र सामाजिक जीवनमा घुलमिल हुन प्रेरित गर्ने शिक्षाविद् कोइराला बनाउँछन् ।

# डेंगुले फस्टायो नरिवलपानी, किबी, अम्बा र मेवाको ब्यापार



काठमाडौं/ काठमाडौं उपत्यकामा डेंगुको प्रकोप बढेसँगै शक्तिबर्धक फलफूलको बिक्रीमा उछाल आएको ब्यापारीहरुले बताएका छन् । नेपाल फलफूलथोक व्यवसायी संघकाअनुसार बजारमा पहिले भन्दा अहिले नरिवल, किबी, अम्बा र मेवाको व्यापारमा उछाल नै आएको छ ।

संघका अध्यक्ष अमर बानियाँले नेपाली उत्पादनले नपुगेर भारतको कर्नाटकदेखि ठूलो मात्रामा नरिवलपानी भित्रिइरहेको बताए । नेपालको झापा लगायतका जिल्लामा फलेको उत्पामदन सकिएका कारण भारतबाट आयात बढेको उनले बताए । यस्तै दोस्रो ठूलो कारोबार किबीमा छ ।

डेंगुका बिरामीले खानका लागि बजारमा किबीको माग बढ्दा बजारमा अहिले दक्षिण अफ्रिका र थाइल्याण्डदेखि किबी भित्रिन थालेको छ ।

'पहिले दैनिक पाँच सय पिस पनि नआउने नरिवल पानी अहिले दैनिक २५ हजार किलो पुगेको छ,' बानियाँले भने, 'यो हाम्रो व्यापार इतिहासकै धेरै हो ।'

बजारमा अम्बा भने नेपाली उत्पादनले धानेको बानियाँले बताए । मेवा भने भारतबाट भित्रिएको छ । बजारमा माग बढेसँगै बिक्री बाहेक अन्य फलफूलको मूल्य भने नबढेको संघले जनाएको छ ।

अहिले होलसेल बजारमा नरिवलपानी प्रतिगोटा १२० देखि १३० रुपैयाँ औसत छ । यस्तै मेवा प्रतिकिलो ९० देखि १२० र किबीको मूल्य ३५० देखि ७ सय रुपैयाँसम्म छ । अम्बाको प्रतिकिलो मूल्य १०० सय रुपैयाँदेखि १२० रुपैयाँ तोकिएको छ ।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठका अनुसार अहिले बजारमा यी वस्तुको माग पहिले भन्दा अधिक बढेको छ । माग बढेसँगै व्यवसायीहरुको प्रतिष्पर्धाका कारण मूल्यमा भने खासै वृद्धि नभएको श्रेष्ठले बताए ।

***के भन्छन् चिकित्सक ?***

खासमा डेंगुको कुनै उपचार नै छैन । डेंगुका बिरामीले चिकित्सकीय सल्लाहअनुसार निगरानीमा बस्नु पर्ने हुन्छ ।

सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन डेंगु रोगका बिरामीलाई झोलिलो वस्तु, फलफूलको रसहरु खाना सुझाव दिने गरिएका कारण पनि उनीहरुले ती फलफूल खाने गरेको हुन सक्ने बताउँछन् ।

उनी भन्छन्, 'डेंगु लाग्दा रगतमा पानीको मात्रा कम भई रक्तचाप कम हुन्छ । शरीरमा प्लेटलेटको संख्या पनि कम हुन जान्छ । जसले शरीरका लागि आवश्यक पर्ने तत्वहरुको कमी हुन जान्छ । ती तत्वहरु परिपूर्ति गर्न ताजा मौसमी फलफूल, फलफूलको रस खानु उपयुक्त हुन्छ ।' तर नामै किटेर ती फलफूल खाना सुझाव भने नदिएको उनी बताउँछन् ।

# केन्द्रमा १७ सिट पाएको नेकपा समाजवादीले प्रदेशमा कति पाउँछ ?



काठमाडौं/ सत्ता गठबन्धनमा प्रतिनिधिसभा र प्रदेशसभाको सिट भागबण्डा मिलाउने क्रम अन्तिम अवस्थामा पुगेको छ । केही दिनयता बालुवाटारमा गठबन्धनका शीर्ष नेतासहित कार्यदल सदस्यहरु बसेर भइरहेको सिट बाँडफाँटमा नेकपा एकीकृत समाजवादीको भागमा १७ सिट परेको छ । यद्यपि त्यसमा केही सिट थपिनेमा सो पार्टीका नेताहरु अझै आशावादी छन् ।

सिट बाँडफाँटमा भएको छलफलमा कम्तिमा २५ सिट पाउनुपर्ने समाजवादीका नेताहरुको अडान रहँदै आएकोमा २२ सिटमा सहमति गर्ने मनस्थिति बनाएपनि अहिलेसम्मको स्थितिमा १७ सिट भन्दा नपरेको गठबन्धनका नेताहरुको भनाइ छ । 'हामीले प्रतिनिधिसभातर्फ पहिला ४० सिट भनेका हौ । सहमति गर्दा २५ सिटमा सहमत हुन तयार छौ । तर कुनै सहमति नहुँदै १७ सिट भनेर प्रचार गरियो, यसमा हाम्रो विमति छ', समाजवादीका उपमहासचिव समेत रहेका गंगालाल तुलाधरले भने, 'यही कारण गठबन्धन भत्कियोस् भन्ने चाहाना पनि हाम्रो होइन ।' नेता तुलाधरले प्रतिनिधिसभामा १७ भन्दा बढी सिट आफ्नो पार्टीको भागमा नपरे प्रदेशसभामा त्यसको परिपूर्ति हुनेगरी बाँडफाँट गर्नुपर्ने बताए । उनले भने, 'सातै प्रदेशमा हाम्रा सांसद नै ६० को हाराहारीमा थिए । अबको भागबण्डामा पनि त्यो भन्दा कम संख्यामा जित्नेगरी हामी सहमत हुँदैनौ ।' यसैबीच गठबन्धनमा सिट बाँडफाँटका क्रममा समाजवादीले दावी गरेका दोलखा, उदयपुर र बैतडीका निर्वाचन क्षेत्रमा नपाएपछि ती जिल्लाका नेताहरुमा असन्तुष्टि बढेको छ ।

असन्तुष्ट नेता कार्यकर्ताको चित्त बुझाउन केन्द्रीय नेतृत्वलाई समस्या भएको बताइएको छ । गठबन्धनमा प्रतिनिधिसभातर्फका केही सिट बाहेक अधिकांश टुंग्याएर प्रदेश तर्फको बाँडफाँटको गृहकार्य भइरहेको छ । -साभार: रातोपाटी

# निर्वाचन आयोगको प्रष्टीकरण: सञ्चार माध्यम नियमन गर्न खोजेका होइनौं



काठमाडौं/ निर्वाचन आयोगले शुक्रबारदेखि सञ्चालनमा ल्याएको प्रेस अफिसले सञ्चार माध्यमको नियमन नगर्ने प्रष्टीकरण दिएको छ । शुक्रबार आयोगले एक विज्ञप्ति जारी सञ्चार माध्यम एवं सामाजिक सञ्जालमाथि अनुगमन गर्ने र कारबही गर्ने प्रक्रियामा संलग्न नहुने बताएको छ ।

प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'लोकतान्त्रिक व्यवस्थामा सञ्चार माध्यमको अनुगमन तिनका पाठक, स्रोता र दर्शकले मात्र गर्नुपर्छ र गर्नेछन् भन्ने मान्यतामा आयोग विश्वास राख्छ । त्यसैले आयोग सञ्चार माध्यम एवं सामाजिक सञ्जालमाथि अनुगमन गर्ने र कारबाही गर्ने प्रक्रियामा संलग्न हुने छैन ।'

आयोगले आन्तरिक प्रयोजनका लागि आयोगले जारी गरेका सूचना सञ्चार माध्यम र सामाजिक सञ्जालमा कुन रुपबाट प्रस्तुत भएका छन् भनेर विज्ञ समूहबाट कन्टेन्ट एनालाइसिस गर्ने बताएको छ । प्रेस अफिसको उद्घाटन गर्दै प्रमुख आयुक्त थपलियाले पनि मिडियाले खोज्ने निर्वाचनसँग सम्बन्धित सूचना एकद्वार प्रणालीबाट प्रवाह गर्ने उद्देश्यले मात्र प्रेस अफिस सञ्चालनमा ल्याइएको बताए । प्रेस काउन्सिल नेपालले सञ्चार माध्यममाथि पूर्ववत रुपमा गर्दै आएको अनुगमन यथावत रहने पनि भन्दै काउन्सिलको काममा हस्तक्षेप नहुने प्रष्टीकरण दिएका छन् । सामाजिक सञ्जालबाट हुन सक्ने दुष्प्रचार, भ्रामक सूचना र द्वेषपूर्ण अभिव्यक्तिलाई नियन्त्रण गर्न, निर्वाचनका बेला साइबर सुरक्षाको चुनौती कम गर्न प्रेस अफिसमा विभिन्न क्षेत्रका नियमनकारी निकायका व्यक्तिहरु राखिने पनि आयोगले जनाएको छ ।

आयोगले सामाजिक सञ्जाल र अन्य डिजिटल प्लेटफर्ममार्फत फैलिन सक्ने दुष्प्रचार, मिथ्या सूचना र द्वेषपूर्ण अभिव्यक्तिले निर्वाचनलाई प्रभावित नपारोस् भन्ने उद्देश्यले प्रेस अफिसमा साइबर सुरक्षाका विज्ञ पनि राखिने बताएको छ । प्रेस अफिसले सामाजिक सञ्जाल तथा डिजिटल मिडियामा भ्रमपूर्ण अफवाह तथा मिथ्या सूचना राखेको देखेमा त्यस्तो सामग्री तत्काल हटाउन र कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने पनि आयोगको भनाइ छ ।

# क्रिस गेलको उत्कृष्ट ब्याटिङ



एजेन्सी/ विश्व टि२० क्रिकेटका सर्वाधिक सफल ब्याटर क्रिस गेलले भारतमा जारी लेजेन्ड्स लिग क्रिकेटमा गुजरात जायन्ट्सबाट भिलवारा किंग्सविरुद्ध उत्कृष्ट ब्याटिङ गरेका छन् । गेलको अर्धशतकमा गुजरातले किंग्सलाई १ सय ८७ रनको बलियो लक्ष्य दिएको छ ।

जोधपुरमा टस हारेर पहिला ब्याटिङ थालेको गुजरातले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ८६ रन बनायो । गुजरातका क्रिस गेलले ४० बलमा ९ चौका र ३ छक्कासहित सर्वाधिक ६८ रनको योगदान दिए । ४३ वर्षीय गेललाई किंग्सका शेन वाटसनले १४ औं ओभरको चौथो बलमा युसुफ पठानबाट क्याच गराएका थिए ।

आक्रामक ब्याटिङ गर्नेक्रममा गेलले युसुफ पठानलाई एकै ओभरमा तीन चौका र दुई छक्का हान्दै कुल २५ रन जोडेका थिए । आठौं ओभरको दोस्रो, तेस्रो र पाँचौं बलमा गेलले पठानलाई चौका हानेका थिए । चौथो र छैटौं बलमा छक्का हानेका थिए । त्यसपछि पठानले पुन बलिङ पाएनन् ।

ओपनर लेन्डन सिमन्सले १८ बलमा ५ चौकासहित २२ रन बनाए । कप्तान पार्थिव पटेल र केभिन ओ ब्रायन ४ रनमा आउट भए । यी दुबै युसुफ पठानको बलमा आउट भएका थिए । मध्यक्रमका यशपाल सिंह ३७ बलमा ६ चौका र २ छक्कासहित ५८ रन बनाए ।

थिसरा परेरा ११ बलमा १ चौका र १ छक्कासति १९ रनमा आउट भए । किंग्सका युसुफ पठानले २ ओभरमा ३४ रन खर्चेर २ विकेट लिए । श्रीसान्त, सुदीप त्यागी र शेन वाटसनले एक एक विकेट लिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# जिल्ला प्रहरीलाई हटडिस सेट सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई पकाएको खाना तातो बनाई राख्न प्रयोगमा आउने हटडिस सेट सहयोग गरिएको छ ।



मकवानपुर उद्योग वाणिज्य संघ र मकवानपुर सुनचाँदी व्यवसायी संघले शुक्रबार संयुक्त रुपमा जिल्ला प्रहरी कार्यालयलाई मेसमा खानाको लागि हटडिस सेट सहयोग गरेको हो । सहयोग ग्रहण गर्दै मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतमले प्रहरी कर्मचारीहरुका लागि मेसमा खाना तातो बनाई राख्ने हटडिस सहयोग गरेको भन्दै धन्यवाद दिए । मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाईले अहोरात्र सुरक्षामा खट्ने प्रहरीको स्वास्थ्यलाई मध्यनजर गरी दुई संघले मिलेर सहयोग गरेको बताए ।

संघका अर्का उपाध्यक्ष प्रमोद सिंह रानाभाटले शान्ति सुरक्षाको व्यवस्थापनमा खट्ने जिल्ला प्रहरीको सहजताको लागि सहयोग गरिएको बताए । सहयोग हस्तान्तरण कार्यक्रममा मकवानपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष केशव रसाइली, मउवा संघका महासचिव दिपक उप्रेती, कार्यसमिति सदस्यहरु कुल प्रसाद चौलागाई, राजेन्द्र लामिछाने, मउवा संघका कार्यकारी सचिव पवन कार्कीलगायतको उपस्थिति थियो ।

# सवारी दुर्घटना न्यूनीकरण गर्न टाइम कार्ड लागू



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले सवारी दुर्घटना न्यूनीकरण गर्न टाइम कार्ड लागू गरेको छ ।

प्रदेश प्रहरी कार्यालयको विशेष सक्रियतामा प्रदेशभरका ठूला राजमार्गमा सवारी दुर्घटना न्यूनीकरण गर्न टाइम कार्ड लागू गरिएको हो । वीपी राजमार्ग सिन्धुली, मुग्लिन नारायणगढ खण्ड चितवन, भीमफेदी-कुलेखानी-फाखेल मकवानपुर, अरनीका राजमार्ग काभ्रे र पृथ्वी राजमार्ग धादिङमा टाइमकार्ड लागू गरिएको छ । चाडपर्व नजिकिएसंगै सडकमा सवारी साधनको अत्याधिक चाप बढ्ने, तीब्र गतिमा सवारी साधन चलाउने तथा सवारी नियमको उल्लंघन समेत बढ्ने भएका कारण सवारी दुर्घटना न्यूनीकरण गर्न टाइमकार्ड लागू गरिएको प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मीले जानकारी दिए ।

सिन्धुली जिल्लाहुँदै जाने वीपी राजमार्गस्थित भिमानदेखि नेपालथोक दुम्जासम्ममा पहिलेदेखिनै टायमकार्ड लागू गरिएको थियो । जिल्ला सुरक्षा समितिको निर्णय अनुसार अन्य जिल्लामा पनि टाइम कार्ड लागू गरिने उनले जानकारी दिए ।

# रात्रिकालीन सुरक्षाको लागि हतियारसहित प्रहरी टोली गस्तीमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ चार्डपर्वमा हुनसक्ने आपराधिक गतिविधि न्युनिकरण गर्न बसहरूमा रात्रिकालीन सुरक्षा जाँच तथा हतियारसहित प्रहरी टोली गस्तीमा खटिएको छ ।



जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको संयुक्त प्रहरी टोलीले चाडपर्व लक्षित विशेष सुरक्षा योजनाअन्तर्गत रात्रिकालीन बसहरूमा हतियारसहित प्रहरी गस्ती सुरु गरेको हो । हतियारसहितका प्रहरीलाई बसमा राखेर बारा र मकवानपुरको सिमाना हेटौंडाको चुरियामाइदेखि मकवानपुर र चितवनको सिमाना मनहरीको लोथरसम्म हतियारसहितको गस्ती सुरु गरिएको प्रहरीले जनाएको छ ।

चाडपर्वको समयमा आम नागरिकहरूको रात्रिकालीन यात्रा पनि सुरक्षित होस् भन्ने उद्देश्यले हतियारसहितको गस्ती सुरु गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक वामदेव गौतमले बताए । चाडपर्व लक्षित विशेष सुरक्षा योजनाअन्तर्गत जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको संयुक्त प्रहरी टोलीले गस्ती सुरु गरेको उनको भनाइ छ ।

हेटौंडाको बसपार्कबाट पूर्व-पश्चिम रुटमा चल्ने यात्रुवाहक बसहरूलाई रोकी जाँच गर्नुका साथै रातको समयमा हुन सक्ने लुटपाट तथा चोरीलाई मध्यनजर गरी रात्रिकालीन बसहरूमा चुरियामाइदेखि मनहरीको लोथरसम्म हतियारसहित प्रहरी टोलीले गस्ती गर्ने गरिएको उपरीक्षक गौतमले बताए ।

राजमार्गमा पर्नेजंगलसहितको एकान्त क्षेत्रमा लुटेराहरूले बस रोकेर यात्रुहरूको लुटपाट गर्ने गरेकाले प्रहरीले यात्रालाई सुरक्षित बनाउन यो अभियान सुरु गरेको जनाएको छ । विशेषगरी चाडपर्वमा काठमाडौंबाट गन्तव्यतर्फ जान लागेका यात्रुहरूको सुरक्षालाई मध्यनजर गरेर यो काम सुरु गरिएको प्रहरी उपरीक्षक गौतमले भने । यसैगरी, प्रहरीले हेटौंडा उपमहानगरपालिका-१ तिरतिरे धारामा हेटौंडा-भिमफेदी-काठमाडौं रुटमा चल्ने साना-ठूला सवारी साधनहरूलाई रोकी चालकहरूको लागूपदार्थ सेवनको जाँच गर्न थालेको छ ।

जाँच गर्ने क्रममा ३ जना चालकलाई लागूपदार्थ सेवन पोजिटिभ देखिएकाले नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । हेटौंडाबाट काठमाडौं जाने छोटो दूरीको मार्गमा लागूपदार्थ सेवन गरी सवारीका साधन चलाउने गरेको यात्रुहरूको गुनासो आएपछि प्रहरीले जाँच सुरु गरेको हो ।

हेटौंडा-भीमफेदी, कुलेखानी-फाखेल हुँदै काठमाडौं रुटमा सवारी साधन चलाउने चालकको मादक पदार्थ तथा लागूपदार्थ सेवन गरे/नगरेको जाँच गरेर पठाउने क्रममा तीन जना चालकले लागूपदार्थ सेवन गरेको प्रमाणित भएपछि पक्राउ गरेर थप अनुसन्धान गरिरहेको जिल्ला ट्राफिक मकवानपुरका प्रमुख मुनेन्द्र थापाले बताए ।

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्ग, कामदार, व्यवसायी मित्र शुभचिन्तक, शुभेच्छुक एवम् समस्त देशवासीमा सुख, शान्ति र समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिवम् सिमेन्ट

**शिवम् सिमेन्ट लि., परिवार**
हेटौंडा, मकवानपुर

# दर्ता भएको हातहतियार बुझाउन सूचना जारी

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले दर्ता भएको हातहतियार बुझाउन सूचना जारी गरेको छ । मंसिर ४ गतेका हुन लागेको प्रदेशसभा र प्रतिनिधिसभा चुनावको सुरक्षा अवस्थालाई मध्यनजर गर्दै गृहमन्त्रालयको निर्देशन अनुसार हातहतियार बुझाउन मकवानपुर प्रशासनले आग्रह गरेको हो ।

कार्यालयका प्रमुख प्रशासकीय अधिकृत गुणराज प्रसाद न्यौपानेले जारी गरेको सूचनामा कात्तिक ५ गतेभित्र नजिकैको प्रहरी इकाईंमा लगत राख्ने गरी हातहतियार बुझाउन आग्रह गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले स्थानीय तहको निर्वाचनमा पनि सोही व्यहोराको सूचना जारी गरेको बताए ।

# मकवानपुरका उपाध्याय राष्ट्रिय बिमा कम्पनीको अध्यक्ष नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ राष्ट्रिय बिमा कम्पनी लिमिटेडको अध्यक्ष पदमा मकवानपुरका दिनेश उपाध्याय नियुक्त भएका छन् ।

नेपाल सरकार मन्त्रीपरिष्दको निर्णय अनुसार उपाध्याय ४ बर्षे कार्यकाल रहनेगरी नियुक्त भएका हुन् । नेपाली कांग्रेस महासमिति सदस्य, मकवानपुर जिल्ला सहकारी संघका सचिब उपाध्याय मकवानपुरका प्रभावशाली ब्याक्तित्वमा पर्छन् । नियुक्तीसंगै उपाध्यायले शुक्रबार कार्यभार सम्हालेका छन् ।

बिमा क्षेत्रलाई समयानुकूल बनाई बिमा क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न क्रियाशिल हुने अध्यक्ष उपाध्यायको भनाई छ ।


**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**





**हार्दिक बधाई तथा शुभकामना**



यस सहकारी संस्था लिमिटेडका कार्यसमिति सदस्य **दिनेश उपाध्याय** ज्यूलाई धेरैधेरै बधाई तथा शुभकामना साथै हामी बिमित अनि बिमकबिचको सम्बन्ध अझै यहाँको कार्यकालमा सुमधुर र अझै मजबुत रहोस भन्ने शुभभावना व्यक्त गर्दछौं ।

डा.गणेशबल लामा (अध्यक्ष) एवम्
**दिव्यतारा बहुउद्देश्ययी सहकारी संस्था लि., परिवार**
हेटौंडा, मकवानपुर

**हार्दिक बधाई तथा शुभकामना**



राष्ट्रिय बिमा कम्पनीको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्ति हुनुभएकोमा आदरणीय **दिनेश उपाध्याय** ज्यूलाई धेरैधेरै बधाई तथा शुभकामना साथै हामी बिमित अनि बिमकबिचको सम्बन्ध अझै यहाँको कार्यकालमा सुमधुर र अझै मजबुत रहोस भन्ने शुभभावना व्यक्त गर्दछौं ।

नारायणप्रसाद देवकोटा (अध्यक्ष) एवम्
**मकवानपुर जिल्ला सहकारी संस्था लि., परिवार**
हेटौंडा-१, मकवानपुर




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☏ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

**गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.**
हेटौडा, मकवानपुर

०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना